वैकल्पिक शक्ति निर्माणको लागि हाम्रो अभियान !

जनताको जित सुनिश्चित गर्न **लौरो** मा मतदान !!

झापा क्षेत्र न. ४ – प्रतिनिधि सभा उम्मेदवार

# "युक्त प्रसाद भेटवाल"

# को

# घोषणा पत्र



चुनाव चिन्ह

**लौरो**

@yukta.pd.bhetwal

चुनाव परिचालन मूल समिति

क्षेत्र नं. ४, झापा

## आदरणीय न्यायप्रेमी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरु,
## नमस्कार !

विगत चार दशकदेखि तपाईंहरुको न्यानो माया र स्नेह प्राप्त गर्दै आएको म युक्तप्रसाद भेटवाल आज फेरि झापा क्षेत्र नम्बर ४ को प्रतिनिभिधसभा सदस्यको उम्मेदवारका रुपमा यहाँहरु समक्ष त्यही माया र सद्भावको अपेक्षाका साथ आइपुगेको छु।

झापाकै माटोमा हुर्किएको मेरो राजनीतिक यात्रा यही जिल्लाबाट शुरु भएको हो। राजनीतिक आन्दोलनमा सहभागी हुंदा मैले भोगेको कठिनाइपूर्ण भूमिगत जीवन र सेना-प्रहरीको कठोर यातनाबारे सम्पूर्ण जिल्लाबासीहरु अवगत नै हुनुहुन्छ। यही सिलसिलामा २०५६ सालको संसदीय चुनावमा झापा क्षेत्र नम्बर ४ बाट एमालेको उम्मेदवार बनी बिजयी बनिसकेको अवस्थामा मलाई पार्टीभित्र र बाहिरबाट षडयन्त्रमुलक ढङ्गले २६ मतान्तरले हारेको नाटक मञ्चन गरियो । ममाथि भएका तमाम अन्याय र षड्यन्त्रलाई चिर्दै फेरि तपाईंहरुकै गुनासा सुन्न, छलफल चलाउन, क्रियाशील हुन र अहिले न्याय माग्न म आफ्ना मतदाता माझ **लौरो** चुनाव चिन्ह लिएर उम्मेदवारका रुपमा आइपुगेको छु।

२०५६ सालमा म माथि आफ्नै तत्कालीन पार्टी नेकपा एमाले र नेपाली कांग्रेसका स्वार्थी नेताहरु (केपी ओली र स्व. चक्र प्र. बास्तोला) बिचको अप्राकृतिक र अकल्पनीय गठजोडबाट घोर अन्याय भएपछि न्याय माग्न अदालत गएँ, नेताहरुको ढोकामा पुगें। अदालतले पुनः मत गणना गर्न आदेश दिँदा पनि तत्कालीन पार्टीका नेताहरुको स्वार्थका कारण अदालतको आदेश कार्यान्वयनमै नल्याउन अनेकौं षडयन्त्र/नाटक मन्चन गरियो र यसरी संसदको कार्यकाल सकियो । तत्कालिन राजनीतिक परिस्थिति र मुलुक सशस्त्र द्वन्दको उत्कर्षमा रहेको विषम परिवेशमा मैले आफूमाथि भएको अन्याय र षड्यन्त्रबारे तपाईं आम जनतालाई जानकारी गराउन र गुहार माग्न सकिनँ। सम्भव भएन। तर एमालेका तत्कालिन नेता कार्यक्रताहरु धेरै देशवासीहरु भने यसबारे जानकार हुनुहुन्छ। सत्य उहाँहरुको तहसम्म त्यसैबेला उजागर भएको थियो। तथापि मेरो पक्षमा कहीं कतैबाट पार्टीभित्र आवाज उठेन। त्यसपछी मेरा बैचारिक संघर्ष र व्यवहारलाई निर्ममतापुर्वक दबाइयो । अनेकौं प्रलोभन देखाइयो। तर मलाई न्याय दिन पहलकदमी लिइएन। यसरी कतैबाट पनि न्याय नपाएपछि मैले नेकपा एमाले परित्याग गरें । एमाले छाडेपछि मैले २०६५ सालसम्म आफ्नो व्यवसायिक र सामाजिक जीवनलाई संगसगै अगाडि बढाए । सक्रिय राजनीतिमा समेत प्रत्यक्ष/परोक्ष रुपमा भूमिका खेल्दै आएँ।

मेरो लामो राजनीतिक अनुभवले के भन्छ भने भ्रष्टाचारको अन्त्य र जनता तथा मुलुकको हितका लागि राजनीतिकर्मीहरुले सादगी जीवन जिउनुपर्छ। आर्थिक स्वरोजगार, उद्योग व्यवसाय एवं उत्पादनमा ध्यान दिनुपर्छ। आफूले काम गरेर खाने हो भने मात्र नेताहरु भ्रष्टाचारबाट जोगिन सक्छन्। यही सोचेर मैले राजनीतिमा सक्रिय रहँदादेखि नै स्वरोजगारमा जोड दिँदै आएको थिएँ। विभिन्न व्यवसायहरु

सञ्चालन गरेको अनुभवले मलाई उद्योग व्यवसाय कसरी गर्ने र विदेश नगई स्वदेशमै स्वरोजगार कसरी बन्न सकिन्छ भन्ने पाठ समेत सिकाएको छ। मैले आफ्नो जीवनमा सिकेको यो व्यवसायिक अनुभवलाई पनि हाम्रो समाजमा लागु गर्न र यस क्षेत्रका जनतालाई स्वरोजगार बनाउन चाहन्छु।

जीवनको पछिल्लो कालखण्डमा जनसेवा, जीवसेवा र प्रकृति सेवाको उद्देश्य सहित म इलामको फिक्कलमा विपश्यना ध्यान केन्द्रको स्थापनाका निम्ति सकेजति सक्रिय भूमिका खेल्न ब्यस्त रहें। ध्यान केन्द्रको स्थापना र साधनामा क्रियाशील रहँदा जीवन र जगतलाई बुझ्ने सवालमा गहिरो गरी पदार्थ र चेतनाका समग्र खेलको आत्मिक अनुभव हासिल गरें । मानिसको जीवन परिवर्तन गर्न सक्ने सुत्रबारे जानकारी पाएँ । असल राजनीतिज्ञ एवं असल मानिस बन्नका लागि बुद्ध, नेपाली समाजका ऋषिमुनि र ज्ञानी मानिसहरुका दर्शन एवं ध्यान र योगको महत्व के रहेछ भन्ने मलाई गहिरो अनुभव प्राप्त भयो । अब म यो ज्ञानलाई पनि यस झापा क्षेत्र नम्बर ४ र नेपाली समाजमा सिञ्चित गर्न चाहन्छु।

मैले जीवनमा प्राप्त गरेका यिनै (राजनीतिक, व्यवसायिक, सामाजिक र आत्मिक) अनुभवका आधारमा यस झापा क्षेत्र नम्बर ४ को समग्र विकासको खाकासहित तपाईहरु माझ **लौरो** चुनाव चिन्हका साथ उम्मेदवारका रुपमा एउटा टिमसहित आइपुगेका छौं।

मुलुकको सर्वांगीण विकास, यहाँका हरेक नागरिकको नैसर्गिक अधिकारको सम्मान, मुलुकको स्वाधीनताको रक्षा, परिवर्तनको आकांक्षा राख्दै विगतमा हामीले बलिदानपूर्ण आन्दोलनको माध्यमबाट स्थापित गरेका अधिकारको रक्षा र त्यसको न्यायोचित कार्यान्वयन लगायतका महत्वपूर्ण विषयहरु अगाडि सार्दै आगामी मङ्सिर ४ गते सम्पन्न हुन गइरहेको निर्वाचनमा झापा क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी प्रस्तुत गरेको जानकारी यहाँहरु समक्ष गराउन पाउँदा गौरन्वान्वित महसुस गरेको छु।

## मेरो उम्मेदवारी किन ?

**झापा क्षेत्र नम्बर ४ का सम्मानित र सार्वभौम मतदाताज्यूहरु,**

अहिले हामी इतिहासको त्यो कालखण्डमा छौं, जहाँबाट अब हामीले साहसिक र फरक ढंगको यात्रा शुरु नगर्ने हो भने हामीले हाम्रा अग्रज र भावी सन्तति दुबैमाथि अन्याय गरेको ठहर्ने छ। यही नयाँ यात्राको शुरुवात हामीले झापा क्षेत्र नं. ४ बाट शुरु गरेर यो मुलुकलाई नयाँ दिशामा अघि बढाउनुपर्छ भन्ने प्रारम्भिक सोच नै मेरो उम्मेदवारीको पहिलो र महत्वपूर्ण कारण हो।

मैले आफ्नो उम्मेदवारी दुई उद्देश्यले घोषणा गरेको हुँ : एक-संघीय संसदमा उपस्थित भएर राष्ट्रिय राजनीतिमा देखिएका विकृतिको विरोध गर्ने र सृजनात्मक बौद्धिक ढंगको बहस चलाउने । जनता र मुलुकप्रति उत्तरदायित्व लिने शक्तिको निर्माणमा ध्यान दिने । राष्ट्रिय स्वाधिनता, मुलुकको अखण्डता र सार्वभौमिकताको पक्षमा दर्विलो रुपमा उभिने। राष्ट्रिय राजनीतिमा हस्तक्षेपकारी भूमिका खेल्ने ।

वैकल्पिक राजनीतिक शक्तिहरुसँग सहकार्य गर्ने । दुई- झापा क्षेत्र नम्बर ४ अन्तरगतका जनताको समस्या समाधानका लागि सहयोगी र अगुवाका रुपमा काम गर्ने । विकासमा भूमिका खेल्न, यहाँका कुरा माथिसम्म लैजान र हल गर्न पुलको काम गर्ने ।

इतिहासमा कहिल्यै पनि विदेशीले परेड नखेलेको हाम्रो देशमा अहिले एमसीसी, एसपीपी लगायतका कार्यक्रमहरु मार्फत एकपछि अर्को तरिकाले विदेशी भित्र्याउने र नेपाललाई उनीहरुको खेल मैदान बनाउने काम भैरहेको छ । यस्ता देशघाती कदमको सशक्त विरोध गर्ने र राष्ट्रघातलाई रोक्नका लागि भूमिका खेल्नेछु।

नयाँ संविधान लागु भएपछि हामीले जे जस्ता विकृति, विसंगतिहरु देख्यौं ती सबैलाई अन्त्य गर्न, आम नागरिकले विना कुनै अडचन संविधानले दिएका सबै अधिकारको उपभोग गर्ने अवस्था तयार गर्न, संविधानलाई अझ जनहित अनुकुल बनाउन र पश्चगमनलाई रोक्न प्रयत्न गर्न मेरो उम्मेद्वारी हो।

विश्वमा विकास भएका सबै प्रकारका सेवा, सुविधाको प्रयोग गर्न पाउने अधिकार झापा क्षेत्र नं ४ का आम नागरिकको पनि छ। त्यो सुविधा यहाँहरु समक्ष उपलब्ध गराउन माग गर्दै मुलुकको संघीय संसदमा शंखघोष गर्ने उद्देश्यका साथ मेरो उम्मेदवारी हो।

आर्थिक, सामाजिक, संस्कृतिक र राजनैतिक रुपमा तपाई आम नागरिकलाई सवल, सक्षम, उन्नत र स्वतन्त्र राख्न मेरो यो उम्मेद्वारी हो । नेपालमा बहुदलीय व्यवस्था पुनः स्थापना भए यताका तीन दशकमा तपाइ हामीलाई अनेकौं आश्वासन बाँड्दै झुक्काउने, धोका दिने र आफ्नो निजी स्वार्थ पूर्तिको लागि हाम्रो भाग्य र भविष्यलाई अन्धकारमा राख्नेहरुले यसबीच गरेका कुकृत्यहरुको मुलुकको संघीय संसद्को रोष्ट्रममा उभिएर भण्डाफोर गर्नेछु। त्यही कामका लागि मेरो उमेद्वारी हो।

राष्ट्रिय राजनीतिको नीति निर्माण तहमा रही कार्य गर्नेछु। यस क्षेत्रको बजेट विनियोजनमा अन्याय हुन दिनेछैन । भ्रष्टाचार, विकृति र बेथिति विरुद्ध सशक्त आवाज उठाउनेछु। ठूला पार्टीका नेताहरुले गर्ने नीतिगत भ्रष्टाचारको पर्दाफास गरेर जनतासमक्ष उदाङ्गो पार्नेछु। यस क्षेत्रका जनताको आवाज सशक्त रुपमा संसदमा पुऱ्याउनेछु। यस क्षेत्रमा विकासका ठूला परियोजनाहरु नल्याई ठूला नेताको क्षेत्रमा मात्रै लैजाने परिपाटीको अन्त्य गर्दै यस क्षेत्रमा ठूला परियोजना ल्याउनका लागि दबावमूलक कार्य गर्नेछु। संसदमा जनपक्षीय कानून निर्माणमा पहल गर्नेछु। असल पार्टी, सामाजिक शक्ति र स्वतन्त्र एवं वैकल्पिक शक्तिसँग सहकार्य गर्दै पुराना दलहरुको विकृति हटाउन दबावमूलक काम गर्नेछु।

झापा जिल्लाबाट प्रायः नेपाली कांग्रेस र नेकपा एमालेले पालैपालो जित्दै आएता पनि यहाँको समग्र विकासमा ध्यान दिन सकेका छैनन्। जनताको काम नगरे पनि जित्ने हामीले नै भन्ने उनीहरुमा भ्रम छ। सबैभन्दा पहिले यो भ्रमलाई चिर्न र राम्रो काम नगरेमा जनताले वैकल्पिक शक्ति खोज्छन् भन्ने सन्देश दिनका लागि पनि यस क्षेत्रमा मेरो उम्मेदवारी हो। त्यसर्थ, मेरो जितले गर्ने पहिलो काम भनेको ठूला

दलका अहंकारी र भ्रष्ट नेताहरुलाई सबक हुनेछ।

यस निर्वाचन क्षेत्रमा पर्ने कन्काई नगरपालिका, शिवशताक्षी नगरपालिका, गौरादह नगरपालिका, झापा गाउँपालिका र गौरीगन्ज गाउँ पालिकाका गरी सबै २८ वटै वडातहमा जनतासँग अन्तरक्रिया गर्ने र त्यहाँका समस्या पहिचान गरी स्थानीय तहसँग मिलेर काम गर्नेछु । धार्मिक तथा पर्यावरणीय महत्व रहेको माईधारको बहुआयामिक विकास र तटबन्धका लागि संघीय सरकारसँग संघर्ष गर्नेछु । यहाँका स्थानीय तहले गर्न नसक्ने र संघीय सरकारको मद्दत चाहिने आयोजनाहरुमा दुबै तहका बीचमा समन्वयनकारी भूमिका खेल्नेछु।

यस क्षेत्रमा भइरहेको प्राकृतिक स्रोत साधनमाथिको दोहन अन्त्य गरी यसको सदुपयोगका लागि पहल गर्नेछु। यस क्षेत्रमा रहेका खोला नालाहरुमा तटबन्धनका समस्या लामो समयदेखि समाान हुन सकेका छैनन्। यसको स्थायी समाधानतर्फ मेरो ध्यान हुनेछ । समग्रमा यस क्षेत्रको विकास गर्ने, स्थानीय तह, प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने गराउने कार्यमा मेरो भूमिका रहने छ। शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा ध्यान दिइनेछ।  युवाहरुका लागि व्यायामशाला, वालवालिकाका लागि वाल उद्यान, जेष्ठ नागरिकका लागि जेष्ठ चौतारीको निर्माणका साथै सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारमा ध्यान दिइनेछ।

हाम्रो झापा क्षेत्र नम्बर ४ पनि समग्र नेपालमा जस्तै बहुजातीय, बहु भाषिक एवं बहु सांस्कृतिक भूमि हो । यो ठाउँ आदिवासी, जनजाति, खस-आर्य, मुस्लिम समुदायहरुको बसोबास भएको क्षेत्र भएकाले सबैको भाषा संस्कृतिको जगेर्ना अत्यावश्यक छ। दलित, अल्पसंख्यक एवं सीमान्तकृत समुदायको उन्नतिका लागि धेरै कामहरु गर्नुपर्ने छ।

समग्रमा, यिनै राष्ट्रिय एवं स्थानीय मुद्दाहरुको समाधानका लागि आगामी ०७९ साल मंसिर ४ गते हुने गइरहेको आम निर्वाचनमा मलाई यसपटक यस झापा क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्य पदमा जिताउनु हुनेछ भन्ने दृढ आशा र भरोसा लिएको छु।

## के भयो यसबीच ?

२०४६ सालमा जनआन्दोलनमा उत्रिँदा नेपाली नागरिकले आफ्नो समृद्धि र राष्ट्रको सुरक्षाको सपना देखेका थिए। नेपाली युवाहरुले आफ्नो क्षमता र प्रतिभाको प्रचुर प्रस्फुटनको आकांक्षा बोकेका थिए। नेपाललाई एउटा उन्नत समाज बनाउने अठोट शिक्षित व्यक्तिहरु र नागरिक समाजले बोकेका थिए । देशमा देशभक्त उद्यमीहरुले विदेशी हैकममुक्त अर्थतन्त्र र उत्पादन, व्यापारको संरक्षणको सपना देखेका थिए। किसान, मजदुर, महिला, सामाजिक हैसियतमा पछाडि पारिएका दलित र राजनीतिक सहभागिता विमुख बनाइएका जनजातिले एउटा सफल समावेशी लोकतन्त्रको विकासको सपना देखेका थिए । तर त्यसो भएन । कांग्रेसी सरकारले विकृत निजीकरणको रणनीति ग्रहण गऱ्यो र एमाले, माओवादीहरुले पनि त्यही बाटो अपनाए।

जनतालाई रोजगारी प्रदान गरिरहेका राष्ट्रिय स्वामित्वको चिया विकास

निगम, वीरगन्ज चिनी कारखाना, भृकुटी कागज कारखाना, बुटवल धागो उद्योग, बाँसवारी छाला उद्योग, गोरखकाली रबर उद्योग जस्ता संस्थान र उद्योगहरु कौडीका दाममा दलाल पुँजीपतिलाई बिक्री गऱ्यो । यस्ता उद्योगहरुको उन्मूलनले पूर्वका जुट किसानहरुको व्यवसाय लुटियो । मध्य तराईका उखु र अन्य किसानका व्यवसाय लुटियो । पश्चिम तराईमा हुर्किरहेको कपास खेति उन्मूलन गरियो । कृषि र स्वरोजगार नै ध्वस्त बनाइयो ।

२०४६ सालपछाडिका ३० वर्षमा गरिव जनताले आशा गरेको बामपन्थी (एमाले) शक्ति पटक पटक सरकारमा पुग्यो । तर यसले समाजवादको सपना नै त्यागिदियो । विचारहीन, गैरवामपन्थी नाङ्गो पुँजीवादी चिन्तनद्वारा राजनीतिलाई नै कलंकित बनाइदियो । आफू त्यसको विकल्प भएको दाबी गर्दै 'जनयुद्धधार' शक्ति, उग्र विचार तथा व्यवहारलाई नेपाली माटोमा रोप्दै राजनीतिको मैदानमा प्रवेश गऱ्यो । त्यसले देशलाई क्षेत्रीय र जातीय द्वन्दको संघारतर्फ धकेल्यो । नेपालको इतिहासमा भ्रष्टाचार, अवसरवाद र हिंसा त्यसका पर्याय बनेका छन् । राष्ट्रिय एकताले चुनौति महसुस गरिरहेको छ ।

पञ्चायती ३० वर्ष र कथित लोकतन्त्रका ३० गरी नेपाली जनताका ६० वर्ष अकर्मण्यता, राजनीतिक भ्रष्टाचार, आर्थिक भ्रष्टाचार र जनताको चरम शोषणको एउटा विष्मयकारी युगमा परिणत भएका छन् । आज देश उत्पादनहीन बाँझो जमिनमा परिणत भएको छ । नेपाल आज ३ खर्ब २५ अर्बका खाद्यान्न र कृषिजन्य सामान विदेशबाट किन्ने व्यापारघाटाले थिचिएको देश बनेको छ । देशमा भएको सम्पूर्ण ऋण लगानी ४७ खर्ब मध्ये ६० प्रतिशत भन्दा बढी ऋण लिने लगभग डेढ दर्जन जति परिवार छन्, र अधिकांश उनीहरु भारत र नेपाल दुवै देशका नागरिक छन् । राष्ट्र त टाट पल्टने अवस्थामा खडा रहेको छ । देशले शिक्षित गरेका १० लाख युवा, चिकित्सक, इन्जिनियर, वकिल, वैज्ञानिक विदेश पलायन भएका छन् । हरेक वर्ष ७० हजार विद्यार्थीहरु विदेश पलायन हुनाले खर्बौको रकम विदेश पलायन भइरहेको छ । देशको उच्च शिक्षामा अध्ययनरत करिब ४ लाख पचास हजार विद्यार्थी माथिल्लो धनी २० प्रतिशत परिवारबाट आएका छन् । ८० प्रतिशत युवा समृद्ध उच्च शिक्षाबाट विमुख छन् । यसरी शिक्षाले समेत वर्ग विभाजनको अवस्था सिर्जना गरिरहेको छ । उत्पादन शुन्य छ । ५० लाख भन्दा बढी युवाहरुको श्रम विदेश पलायन भएको छ ।

देशमा किसानहरुले उत्पादन गरेको तरकारी अनियन्त्रित विषयुक्त भारतीय तरकारीबाट प्रतिस्थापित भइरहेको छ । दुख गरेर अन्न फलाउने किसानले मल र बिऊ पाउन सकिरहेका छैनन् । खेति गरेकै कारण झन् भन्दा झन् गरिव बन्ने र ऋणमा डुब्ने अवस्था छ । देशको अर्थतन्त्र पूर्णरुपले धराशायी बन्ने दिशामा गइरहेको छ । दिनानुदिन आम जनताको दैनिक जीवन चरम महंगीका कारण कष्टकर बनिरहेकोछ । नेपालको वर्तमान राष्ट्रिय अवस्था अन्धकारको यात्रातर्फ लम्किरहेको छ ।

राष्ट्रका कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका 'विदेशी खेल' र स्वार्थको शिकार भइसकेका छन् । राष्ट्रका सबै संस्थाहरु भत्कने क्रममा छन् । देशमा राष्ट्रिय

व्यक्तित्व छैनन्, "बा, दाजु, महानायक"को राजनीतिमा दबदबा कायम छ। कथित युवा नेता राष्ट्रको अस्मिता बेच्ने 'दादा' बनेका छन्। राजनीतिमा नैतिकता पतन भएको छ। राष्ट्रमा विदेशीको निर्देशनमा सरकार बन्ने र बिग्रने प्रवृत्ति स्थापित भएको छ। चरित्रहीन मानिस नेता बनेका छन्। राजनीति उनीहरुको भकुण्डो बनेको छ। नेपाली जनता निरीह बनाइएका छन्।

राष्ट्रको अन्तर्राष्ट्रिय सम्बन्ध क्षतविक्षत बनाइएको छ। नेपालले आफ्नो भूराजनीतिक अस्तित्वको लागि ग्रहण गरेको असंलग्न वा तटस्थ परराष्ट्र नीति समाप्त पारिएको छ। राष्ट्रियता र देशभक्तिका भावनामा निरन्तर प्रहार गरिरहेको छ। इतिहास र संस्कृतिमाथि खुल्ला प्रहार भइरहेको छ। नेपाली सेनालाई विवादग्रस्त बनाउने र निकम्मा बनाउने अनेक षड्यन्त्र भइरहेका छन्। अन्य सुरक्षा निकायको अस्तित्वमा नै प्रश्न खडा गरिएका छन्। न्यायपालिका ध्वस्त बनाइएको छ।

त्यसैले, जब अति हुन्छ, हेरेर बस्ने समय सकिन्छ। अब, विगतमा विश्वास गर्न सकिँदैन। अब वर्तमानको निर्माण र भविष्यको रुपरेखा कोर्ने काममा लाग्नुको विकल्प छैन। इतिहासबाट पाठ सिकेर वर्तमानको निर्माण नगर्ने मानिसको यात्रा समाप्त हुन्छ। तर, हामी हाम्रो समाज र राष्ट्रको विसर्जन हुन दिन सक्तैनौं। अतः अब राष्ट्रलाई जिम्मामा लिने हस्तक्षेपकारी भूमिकामा देशभक्त नागरिकहरु जाग्नुपर्दछ।

मेरो झापा क्षेत्र नं. ४ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवारी हुने चाहना यही जिम्मेवारीको बोध हो। त्यसैले सम्पूर्ण देशवासीलाई मेरो आवाजमा साथ दिई 'नेपाललाई एक समृद्ध एवम् समतामूलक समाजमा रुपान्तरण गर्ने अभियानमा सरिक हुन आह्वान गर्दछु र झापा ४ नं. क्षेत्रका सम्पूर्ण मतदाताहरुलाई मलाई मतदान गर्न अनुरोध गर्दछु। म प्रतिनिधि सभामा राष्ट्रघात, राजनीतिक अवसरवाद, भ्रष्टाचार र राजनीतिक अपराधीकरणका विरुद्धमा बिना भय बिना संकोच उभिनेछु। म राष्ट्रको स्वाधिन अर्थतन्त्र, इतिहासको संरक्षण, संस्कृतिको आधुनिकता, देशभक्ति र राष्ट्रिय स्वाधिनताका पक्षमा उभिनेछु। म वैज्ञानिक, व्यवसायिक, स्वनिर्भर शिक्षाका पक्षमा राष्ट्रिय अभियान निर्माण गर्न प्रतिनिधि सभालाई उपयोग गर्नेछु। म गरिबले कर तिर्ने र धनीले मोज गर्ने प्रवृत्तिका विरुद्ध लड्नेछु। म राष्ट्रिय स्रोतमाथि विदेशी हस्तक्षेपका विरुद्ध लड्नेछु। र, देशभक्त उद्यमीहरु, निर्भीक नागरिक समाज, देशभक्त विद्वान र व्यवसायीहरुका पक्षमा उभिनेछु। म गरिब, ग्रामीण जनतामाथि भएका अन्यायका विरुद्ध उभिनेछु र ४ नं. क्षेत्रलाई रुपान्तरण गर्न सबै किसिमको प्रयास गर्नेछु।

**तसर्थ**,

१. अबको नेपालको लोकतन्त्रमा योग्य र दक्षहरुको राजनीतिमा नियन्त्रणको युग शुरु गर्न,
२. आफ्नै स्रोत र आफ्नै उत्पादनमा आधारित आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न,
३. देशको सुरक्षा र राष्ट्रियताका विरुद्ध हुने क्रियाकलापसँग लड्न,
४. जनप्रतिनिधीको परिभाषा 'मालिक' हुँदै आएकोमा त्यसलाई 'सेवकमा'

रुपान्तरित गर्न,

५. संसदभित्र मेरो उपस्थिति भयो भने नबुझेका सांसदहरुलाई बुझाउने प्रयत्न गर्न, बुझेर पनि बुझ पचाएकाहरुलाई देशप्रति जिम्मेवार बनाउन, आम नागरिकलाई सुसुचित गर्न आफ्नो समय उपयुक्त गर्नेछु।

६. २०४७ सालदेखि हालसम्मका सबै राजनीतिकर्मी, प्रशासक र जनप्रतिनिधिहरुको सम्पत्ति छानविन गरी राष्ट्रियकारण गर्न र देश विकासमा लगाउन पहल गर्नेछु।

**झापा ४ मा गर्नैपर्ने निम्न अनुसारका कामहरुमा म केन्द्रित रहने छु :**

१. यो क्षेत्रका किसानलाई मल, बीउ, कृषि औजार र उत्पादित बस्तुको बजारको व्यवस्था गर्नु मेरो पहिलो काम र कर्तव्यको रुपमा रहने छ। कृषि सडकको निर्माण र कृषिका लागि विद्युतको उपलब्धता लगायतका भौतिक पूर्वाधार विकास गरिनेछ। मकै जोनको रुपमा रहेको झापा गाउँ पालिका र धानको सुपर जोनका रुपमा रहेको समग्र क्षेत्रलाई आवश्यक पर्ने ड्रायर, सुकाउने चट्टल र भण्डारणको लागी गोदामको व्यवस्था मिलाउन प्रयत्न गर्नेछु।

२. झापा क्षेत्र न. ४ को समस्याको रुपमा रहेको विरिङ्ग, कन्काई, कमल लगायतका नदीहरुको कटान नियन्त्रण गर्न तटबन्धनको व्यवस्था मात्र गरिने छैन यसलाई राष्ट्रिय गौरवको परियोजनाका रुपमा विकास गरी पर्यटनको दिगो आधार र पूर्वाधारको रुपमा समेत उपयोग गर्न प्रयत्न गर्नेछु।

३. लामो समयदेखि रहेको सुकुम्वासी समस्याको हल गर्दै यो क्षेत्रका गरिवको पहिचान गरी उनीहरुको गाँस, बास र कपासको आवश्यकता पुरा हुनेगरी दिगो रोजगारी र आवासको व्यवस्था गर्न लागि पर्ने छु।

४. कृषि तथा औद्योगिक मजदुरको ज्ञान, सिप र अनुभवलाई उनीहरुकै स्वामित्व रहनेगरी पेशा-व्यवशाय संचालन गर्न प्रयोग गर्ने गरी व्यवस्था मिलाउन प्रयत्न गर्नेछु।

५. यस क्षेत्रमा रहेका मुख्य सडकलाई प्राथमिकता साथ कालोपत्र गर्न र सहायक सडकको स्तरोन्नति गर्ने काममा लाग्नेछु।

६. यो क्षेत्रमा रहेका आदिवासीहरु (सन्थाल, राजवंशी, ताजपुरिया लगायत), जनजाति र मुस्लिम समुदायको भाषा, धर्म, संस्कृति र परम्पराको रक्षाका लागि विशेष परियोजनाहरु संचालन गरिनेछ। मुस्लिम समुदाय लगायत अल्पसंख्यक जनसंख्याको धार्मिक आस्थालाई सम्मान गर्दै त्यसका लागि आवश्यक भौतिक पूर्वाधारका साथै उनीहरुको आस्था, विश्वासलाई सम्मान गर्ने कुरामा ध्यान दिइनेछ।

७. यस क्षेत्रका सार्वजनिक विद्यालयको शिक्षाको स्तरोन्नति गर्दै व्यवसायिक र सीपमुलक अध्ययन र व्यवहार दुवै प्रकारको दक्ष जनशक्ति निर्माण गर्न प्रयत्न गर्नेछु।

८. युवाहरुलाई स्वरोजगारमा लगाउन बिशेष कार्यक्रम संचालन गर्दै उनीहरुलाई बैदेशिक रोजगारीमा जानु नपर्ने अवस्था निर्माणका लागि प्रयत्न गरिनेछ।

९. स्कूल, कलेज र सामाजिक जीवनमा पनि प्राकृतिक चिकित्सा, आर्युवेद, योग र ध्यानको पाठ्यक्रम, पाठ्यपुस्तक र अभ्यास केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

१०. यस क्षेत्रका किसानको लागि आवश्यक मल, बिउ, कृषि औजारहरु अनुदानको रुपमा, निशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउन हरदम लागिपर्नेछु।

११. सुरुङ्गा बजार चोकमा (राजमार्गमा)-आकाशे पुल निर्माण गर्न लागिपर्नेछु।

१२. स्वास्थ्य सेवाको हालको दुरावस्थामा सुधार गरी सरकारी, गैरसरकारी र अन्य स्रोत साधनको उपयोग गरी प्रारम्भिक स्वास्थ्यसेवा उपलब्ध गराउन प्रयासरत रहनेछु । राज्यले जनताको सम्पूर्ण स्वास्थ सेवाको जिम्मेवारी लिनु पर्ने विषयलाई उठाइरहनेछु।

१३. भारतसँग सीमा जोडिएका क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकले भोग्नु परिरहेको भारतीय दमन, अत्याचार अन्त्य गर्दै र उनीहरुको अधिकारको रक्षाका लागि निरन्तर संघर्ष गर्नेछु। खुल्ला सिमानाका कारण सीमा क्षेत्रका बासिन्दाले भोगेका चोरी, लुटपाट जस्ता समस्याको अन्त्यका लागि तथा सुरक्षा प्रवन्धको लागि सक्रिय बन्नेछु।

१४. यस क्षेत्रको विकासका लागि सामुदायिक वनहरुको भूमिका महत्वपूर्ण रहँदै आएको छ। त्यसलाई अझ प्रभावकारी बनाउन वन पर्यटन (इको टुरिजम) को विकास गरिनेछ। जंगली क्षेत्रमा हाइकिङ्ग गर्ने देखि लिएर त्यहाँ जडिबुटीको खेती गरेर आर्थिक आर्जन गर्नेगरी कार्यक्रम निर्माण गरिनेछ। निजी वन र सामुदायिक वन सम्बन्धी कानुनलाई जनमुखी बनाउन पहल गर्नेछु। त्यसले वन पैदावारको उचित व्यवस्थापन र वितरणको व्यवस्था गर्नेछ। वनको सुरक्षा नै वातावरण र पर्यावरणको सुरक्षा हो भन्ने कुरा स्थापित गराइनेछ। हरित उद्यमको विकास गर्न आवश्यक पूर्वाधार निर्माणमा लाग्नेछु। वन, चुरे पहाड र नदीको प्राकृतिकपनाको रक्षा र अझ विकासको सही योजना बनाउन लागिपर्नेछु।

१५. संविधानमा उल्लेख सबै सकारात्मक कुरालाई व्यवहारमा उतार्न सधैं तत्पर बनाउन दवाव श्रृजना गर्ने काममा लागिरहनेछु।

१६. यस क्षेत्रमा बसोबास गर्ने लोपोन्मुख र विपन्न समुदायको खाद्य सुरक्षा मेरो प्राथमिकतामा रहने छ।

१७. यस निर्वाचन क्षेत्र भित्र रहेका स्थानीय सरकारका भ्रष्टाचार, त्यहाँबाट हुने गरेका विभेद र स्थानीय सरकारमा समेत हुर्कंदै गएको नातावाद, कृपावाद, स्वार्थ र भ्रष्टताको बिरुद्ध जनतासँग एकाकार भई स्थानीय सरकारलाई जनहितमा लाग्न आवश्यक सहयोग गर्नुका साथै दवाव सृजना गर्नेछु।

## हामी कसरी काम गर्छौं ?

हामी अहिलेका दल र नेता बिरुद्ध बिद्रोह गरौं भन्ने आवाज लिएर आएका छौं। तर, हामी विरोध मात्र गर्दैनौं। अहिलेको अवस्थालाई कसरी सुधार्न सकिन्छ ? यसको

समाधानको सुत्र पनि पेश गर्दछौं।

कर्ता नसच्चिइ कर्म सच्चिँदैन। सारा विकृतिको मूल कारण अहिलेका दल र यसका नेता नै हुन्। त्यसैले सबैभन्दा पहिले कर्ता अर्थात दल सुधार्नु पर्दछ। दल संचालन सम्बन्धी नियम बदल्नु पर्दछ। त्यसपछि राज्यको संबिधान, नीति, संरचना र शासन प्रणाली पनि बदल्नु पर्दछ। यसका लागि निम्नानुसारको दुई खण्डमा काम गर्नु पर्दछ :

## खण्ड १ : दल पुनर्संरचना

अहिले चुनावका लागि समेत भएको अप्राकृतिक गठबन्धनको मूल कारण यही हो। यस्तो जनविरोधी र जनताले आफूलाई मनपरेको दललाई भोट हाल्न समेत नपाउने अवस्था आउनुको कारण दलगत संरचनामा रहेको त्रुटीकर हो भन्ने हाम्रो ठहर रहेको छ। त्यसैले दलको पुनर्संरचना आवश्यक छ। जसका लागि यस्ता केही व्यवस्था गर्नु पर्दछ :-

१. **बहु दल, एक बिधान :** दल जति सबैको चारित्रिक विशेषता एउटै हो। यहाँ दल पिच्छेका विधान जरुरी छैन। सबै दलका लागि एउटै विधान हुने संवैधानिक व्यवस्था गर्नु पर्दछ।

२. **दलको सदस्यतामा नियमन :** यहाँ ठग र अपराधी नै दल भित्र छिरेर असल र इमान्दार कार्यक्रता र जनतामाथि ताण्डव मच्चाइरहेका छन्। अब असम्यक पेशा भएको व्यक्ति दलको सदस्य बन्न र उमेदवार बन्न नपाउने संवैधानिक व्यवस्था गर्नुपर्दछ। राजनीतिमा अपराधीकरण यस्तै गलत व्यक्तिहरुको प्रवेशले भएको हो।

३. **कार्यसम्पादन मुल्याङ्कन :** राजनीति मुलतः व्यवस्थापकीय काम पनि हो। जो जनताको 'चार आवश्यकता' (आहार, निद्रा, भय, मैथुन) को व्यवस्थापनमा कुशल छ उही नेता हो। कार्यसम्पादन परिणाममा जसले किफायतिपना ( इफिसिएन्सी) र प्रभावकारीता (इफेक्टीभनेस) ज्यादा देखाउँछ, उसैले मात्र नेता हुने मौका पाउने व्यवस्था गर्नुपर्दछ। "जनमत, न्युनतम बिज्ञता र कार्यसम्पादन मुल्याँकन", यी तीन तत्वका आधारमा नेता छान्ने व्यवस्था गर्नुपर्दछ। एक पदमा बढीमा दुई कार्यकाल मात्र दोहोरिन पाउने व्यवस्था गर्नुपर्दछ।

४. **दलको संरचना :** पार्टी फुटाउने र असमयमै सरकार ढाल्ने खेल सदाकाल चलिरहनुको कारण दलको केन्द्रमा रहेको द्वैत शक्तिकेन्द्र हो। सबै दलमा रहेका यस्ता द्वैत शक्ति केन्द्र खारेज गर्नुपर्दछ। 'माथि एक र तल अनेक' हुने गरी दलीय संरचना खडा गर्नुपर्दछ। कुनै पनि तहमा एउटा व्यक्तिलाई दोहोरो जिम्मेवारी दिने व्यवस्था खारेज गर्नुपर्दछ। राज्यमा जस्तै दलमा पनि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका जस्ता संयन्त्रको अभ्यास गर्नुपर्दछ। दल भित्रका यि तिन अंग बिच शक्तिपृथकिकरण र सन्तुलनको नियमका आधारमा संचालन गर्नुपर्दछ। स्थानिय नीति र नेतृत्व चयनका लागि स्थानिय कमिटिहरु स्वायत्त हुने र राष्टिय नीति तथा नेतृत्व निर्माण र कार्यान्वयनका लागि दलका कमिटि

बिच सहकार्य हुने व्यवस्था गर्नुपर्दछ।

५. **प्रतिनिधित्व** : समावेशीकरणको नीतिलाई दल भित्र पनि व्यवस्थित गर्नुपर्दछ। बहुसंख्याका पद भएको ठाउँमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्दछ। सिमित वा एक मात्र पद हुने ठाउँमा आलोपालो प्रणाली अपनाउनु पर्दछ। जस्तो कि एउटा कार्यकाल पुरुष पार्टी अध्यक्ष छ भने अर्को कार्यकाल महिला पार्टी अध्यक्ष बनाउने नियम बनाउनु पर्दछ। जुन समुदायको लागि आरक्षित पद हो, सोही समुदायको निर्णयबाट निर्वाचित हुने व्यवस्था गर्नुपर्दछ।

६. **स्वनिर्णय** : राजनीतिमा जो आउँछ, आफ्नो स्वनिर्णयले आओस्। चाहे जुनसुकै वर्ग, लिंग वा जाति होस्, जसको स्वभाव राजनीति गर्ने खालको छ, त्यस्ता व्यक्तिहरुले मात्र सक्रिय राजनीतिमा आउनु पर्दछ। बाँकी मानिसहरु राजनीति प्रति सचेत हुनुपर्दछ, सही कुराको समर्थन र गलत कुराको विरोध गर्नुपर्दछ, तर सक्रिय राजनीतिमा आउनु हुँदैन। आफ्नो गुणधर्म अनुसारको कर्ममै गौरव गर्नुपर्दछ। यद्धपि यो अरुले निर्णय गरिदिने विषय होइन, व्यक्ति स्वयंले निर्णय गर्नुपर्ने विषय हो।

   राजनीतिमा कसैको 'योगदान' वा 'लगानी' हुँदैन। कुनै राजनीतिकर्मीले मैले राजनीतिमा धेरै वर्ष बिताएको छु भन्दै विशेष सेवा सुबिधाको माग गर्न मिल्दैन। हरेक व्यक्ति मुलतः आफ्नो आत्मसन्तुष्टिका लागि राजनीतिमा सक्रिय भएको हुन्छ। यसकारण भोलीको जय वा पराजय, सफलता वा असफलताका लागि ऊ स्वयं नै जिम्मेवार हुन्छ। यो तथ्य स्वीकार गर्न तयार हुनेले मात्र राजनीतिमा आउनु पर्दछ।

७. **जवाफदेहिता र पारदर्शिता** : दल संचालनमा जवाफदेहिता र पारदर्शितालाई उच्च महत्व दिनु पर्दछ। दल संचालनको आम्दानी खर्चको विवरण र दलका सदस्यहरुको सम्पत्ति विवरण नियमित रुपमा सार्वजनिक गर्नुपर्दछ। अपारदर्शी आम्दानीबाट धनी भएका प्रशासक र नेताहरुको सम्पत्ति छानबिन गरी राष्ट्रियकरण गर्नुपर्दछ।

## खण्ड २ : राज्य पुनर्संरचना

मुलुकको उन्नति प्रगति नहुनुको कारण हाम्रो राज्यको त्रुटिपूर्ण संरचना, नीति र शासन प्रणाली पनि हो। यसलाई देहाय बमोजिम पुनर्संरचना गर्नुपर्दछ।

१) **राष्ट्रिय आवश्यकता पहिचान** : आज सबै दल जनताको सेवाको कुरा गर्दछन्। तर यहाँ राष्ट्रिय आवश्यकता के हो ? यसको आधिकारिक हिसाब नै छैन। सर्वप्रथम हामीले राष्ट्रिय आवश्यकता पहिचान गर्न जरुरी हुन्छ। जनसंख्याका आधारमा नागरिकका चार आवश्यकता (आहार, निद्रा, भय, मैथुन) को लेखा जोखा गर्नुपर्दछ। आहार भन्नाले खाद्यान्नको आवश्यकता, निद्रा भन्नाले बास, कपास र शान्ति सुरक्षाको आवश्यकता, भय भन्नाले शिक्षा, स्वास्थ्य, न्याय, सम्बन्ध, पहिचान आदिको आवश्यकता र मैथुन भन्नाले मनोरञ्जन, आत्मिक शान्ति, वंश उत्थानको आवश्यकता।

यी आवश्यकता पुरा गर्ने कुन चीज कति उत्पादन गर्ने ? यसको हिसाब निकाल्नु पर्दछ । कसरी काम गर्ने ? कसरी बितरण गर्ने ? यसको राष्ट्रिय कार्ययोजना तयार गर्नुपर्दछ। जुनसुकै दलको सरकार बने पनि यही राष्ट्रिय कार्ययोजनालाई किफायती र प्रभावकारी ढंगले लागु गर्ने कुरामा प्रतिस्पर्धा हुनु पर्दछ।

२) **जैविक अधिकार** : मानव अधिकारको ठाउँमा जैविक अधिकारको धारणा लागु गर्नु पर्दछ। मानव अधिकारको मात्र कुरा गर्नु भनेको एकाङ्गी र पक्षपाती हुनु हो। मनुष्य जातिको मनपरीले नै आज प्रकृति र पर्यावरण ध्वंस भइरहेको छ। ब्रम्हाण्डका सबै अवयव बिच परिपुरक सम्बन्ध छ। सबैको उत्तिकै अधिकार र कर्तव्य छ । गैरमानवको हित हुँदा मात्र मानवको पनि हित हुन्छ । जीव वनस्पतिको हित हुँदा मात्र मानवको पनि हित हुन्छ । त्यसैले, अब मानव अधिकारको ठाउँमा जैविक अधिकारको वकालत गर्नुपर्दछ। जैविक अधिकारको ग्यारेण्टी गर्नु राज्यको कर्तव्य हो भन्ने मान्यतालाई विनाशर्त लागु गर्नुपर्दछ।

३) **आर्थिक संरचना** : राज्यले प्रकृति र सम्पत्तिमा स्पष्ट भेद गर्नुपर्दछ। प्रकृतिलाई निजी धन र व्यापारको बिषय बनाउन प्रतिबन्ध लगाउनु पर्दछ। सम्पत्तिलाई निजी बनाउन र व्यापारको बिषय बनाउन प्रोत्साहन गर्नुपर्दछ । शिक्षा र स्वास्थ्य सेवा, सार्वजनिक पुर्वाधार, जल, जंगल र जमिन, प्रकृति हुन् । यी सामुहिक धनकै रुपमा रहनु पर्दछ। यी कहिल्यै निजीकरण र व्यापारीकरण गर्नु हुँदैन । यिनीहरुको संरक्षण संवर्धन र व्यवस्थापन राज्यको जिम्मामा रहनु पर्दछ। व्यक्तिको शारीरिक वा मानसिक श्रमद्धारा आर्जित चीज सम्पत्ति हुन्। यसलाई राज्यले कहिल्यै अन्यायपुर्वक खोस्ने नीति लिनु हुँदैन । अर्थतन्त्रलाई मुलतः चार किसिमका स्वामित्व प्रणालीमा संचालन गर्नुपर्दछ - निजी, सहकारी, सामुदायिक र सरकारी।

अिसिमित आर्थिक बृद्धीबाट खुशी मिल्छ भन्ने सोच उल्टाएर अपरिग्रह (आवश्यकतामा आधारित उत्पादन)बाट खुशी मिल्छ भन्ने सोच स्थापीत गर्नुपर्दछ । कर्पोरेट कृषि र रासायनिक कृषिलाई उल्टाएर पारिवारि तथा सामुदायिक कृषि र जैविक कृषिको नीति लागु गर्नुपर्दछ।

४) **सामाजिक संरचना** : प्राकृतिक सम्पत्तिका आधारमा वर्ग पैदा हुने अवस्थालाई कानुनी प्रकृयाबाट बन्द गर्नुपर्दछ । वर्गहरु बिच द्वन्द र संघर्ष मात्र होइन सहकार्य र सहअस्तित्वमा जोड गर्नुपर्दछ । वैज्ञानिक तथा प्रगतिशील कर प्रणालीका माध्यमबाट वर्ग बिचको खाडल न्युनिकरण गर्नुपर्दछ। व्यवसायीक क्षेत्रले अनिवार्य सामाजिक, साँस्कृतिक तथा पर्यावरणीय उत्तरदायित्व बहन गर्नु पर्ने नीति लागु गर्नुपर्दछ।

समाजमा सबै वंश, जाति, समुदाय र भाषाको समान हैसियत वा अधिकार छ। एक जातिले अर्को जातिमाथि गर्ने विभेदको अन्त्य गर्नुपर्दछ । हरेक जातिको भाषा, संस्कृति र पहिचान राष्ट्रिय गौरवको बिषय हुन् । जातिहरुको भाषा, संस्कृति र पहिचानको संरक्षण र विकास राज्यको दायित्व हो । स्वशासन, समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, आरक्षण र अल्पसंख्यकहरुको

सुरक्षाका लागि खास नीति र कार्यक्रम लागु गर्नुपर्दछ। छुवाछुत र भेदभावलाई दण्डनीय मान्नु पर्दछ।

५) **शासकीय स्वरुप :** सहकार्य र 'गतिशिल सन्तुलन' को मुलमन्त्रलाई आधार मानेर राज्य संचालन गर्नुपर्दछ । जहिले पनि दुई अतिको बिच 'मध्यम मार्ग' खोज्न प्रेरित गर्नु पर्दछ। जस्तो कि, श्रम र पुँजी, व्यक्ति र राज्य, नीजि धन र सामुहिक धन, नीजत्व र सामुहिकता, राष्ट्रिय पुँजी र बैदेशिक पुँजी, राष्ट्रिय स्वार्थ र वैदेशिक सम्बन्ध, लोक र नायक, संस्कृति र प्रविधि, महिला र पुरुष, समता र समानता, अधिकार र कर्तव्य, बन्धन र स्वतन्त्रता, प्रतिस्पर्धा र आरक्षण जस्ता अवयव मध्ये कुनै एकपट्टि ढल्किने होइन, बरु यिनीहरु बिचमा गतिशील सन्तुलन कायम गर्ने प्रयत्न गर्नुपर्दछ।

राज्यमा द्वैत शक्ति केन्द्र खारेज गर्नुपर्दछ। 'माथि एक तल अनेक' हुने गरी राज्य संरचना निर्माण हुने व्यवस्था गर्नुपर्दछ। देशको संविधानमा नै पार्टी प्रमुख र सरकार प्रमुख एउटै व्यक्ति हुन नपाउने व्यवस्था गर्नुपर्दछ। पार्टी प्रमुख सरकारमा जानै नपाउने व्यवस्था गर्नुपर्दछ। राज्यका तीन अङ्ग बिचमा शक्ति सन्तुलन र पृथकीकरणको नीतिलाई अक्षरस पालन गर्नुपर्दछ।

राज्यका सबै संयन्त्रमा प्रत्यक्षलाई कम गर्दै समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको नीति लागु गर्नुपर्दछ । वहुसंख्याका पद भएको ठाउँमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्दछ। सिमित वा एक मात्र पद हुने ठाउँमा आलोपालो प्रणाली अपनाइनु पर्दछ। जस्तो कि एउटा कार्यकाल पुरुष पार्टी अध्यक्ष छ भने अर्को कार्यकाल महिला पार्टी अध्यक्ष बनाउने नियम बसाउनु पर्दछ।

कार्यपालिका प्रमुख प्रत्यक्ष निर्वाचनद्धारा निर्वाचित हुने व्यवस्था गर्नुपर्दछ । कार्यपालिका गठनको जिम्मा कार्यपालिका प्रमुखमा सिमित गर्नुपर्दछ । निर्वाचित प्रमुखहरुको नेतृत्वमा विषयविज्ञ, अनुभवी र कार्यप्रणालीका ज्ञाताहरुको प्रतिनिधित्व हुने कार्यपालिका निर्माण गर्नुपर्दछ। व्यवस्थापिकाको सदस्यलाई कार्यपालिका सदस्य बन्न वञ्चित गर्नुपर्दछ। संघ र प्रदेश दुबैतर्फ संसदको आकार घटाउनु पर्दछ । संघ र प्रदेश दुबैतर्फ मन्त्रालयको संख्या घटाउनु पर्दछ। मन्त्रालयको संख्या तलमाथि गर्न नपाउने संवैधानिक व्यवस्था गर्नुपर्दछ।

आरक्षित पदको चुनाव गर्दा सम्बन्धित समुदायलाई मात्र मतदाता बनाउने व्यवस्था गर्नुपर्दछ। चुनाव प्रचारको जिम्मा राज्यले लिने र गरीब तथा योग्य मानिस चुनिने अवस्था सृजना गर्ने व्यवस्था मिलाउनु पर्दछ। नागरिकहरुलाई आफ्नो प्रतिनिधि चुन्ने, फिर्ता बोलाउने र भोट दिन्न भन्ने, यी सबै खाले अधिकार सुनिश्चित गर्नुपर्दछ। नागरिकहरुले राजनीतिक प्रणाली परिवर्तन गर्न चाहे निश्चित विधिका आधारमा जनमत संग्रहमा भाग लिन पाउने व्यवस्था गर्नुपर्दछ । आवधिक निर्वाचन, सुशासन, पारदर्शिता र जवाफदेहितालाई अनिवार्य गर्नुपर्दछ।

६) **शिक्षा प्रणाली** : आज हाम्रो शिक्षा प्रणाली, शास्त्रीय, यान्त्रिक र आफ्नो सभ्यताको मौलिकताबाट विमुख भएको छ । सामाजिक मुल्यमान्यताका हिसाबले यसले भोगी र अव्यवहारिक अन्तरवस्तु पक्रिएको छ। यस्तो शिक्षा प्रणाली खारेज गरेर योगी र व्यवहारिक अन्तरवस्तु सहितको शिक्षा पाठ्यक्रम र संरचना निर्माण गर्नुपर्दछ । शिक्षालाई प्रत्यक्ष ज्ञान (अनुभव+अभ्यास), अनुमान ज्ञान (विज्ञान) बाट सुसज्जित गर्नुपर्दछ । शिक्षाको जिम्मेवारी पुर्णतः राज्यले व्यहोर्ने व्यवस्था मिलाउनु पर्दछ।

७) **कृषि** : जैविक मल, अर्गानिक खेती' को नारा सहित आत्मनिर्भर कृषि नीति अवलम्बन गर्नुपर्छ । रासायनिक मलको प्रयोगलाई घटाउँदै केही वर्षभित्र नै शुन्यमा झार्ने र पूर्ण रुपमा जैविक मलको प्रयोग गरी अर्गानिक उत्पादन मार्फत आत्मनिर्भर बन्न सकिन्छ । किसानहरुको पीडाका रुपमा रहेको मल, उन्नत बिउ, आधुनिक कृषि औजारको उपलब्धता, उत्पादित बस्तुको बजारीकरणको समस्या र अभाव लगायतका बिषयमा राज्य गम्भीर बन्नुपर्छ। किसानको मुद्दा राज्यको प्राथमिकताको पहिलो विषय बन्नुपर्छ। खेति गरेकै कारण दिनप्रतिदिन झन् गरिब बन्ने र किसानको नाममा राज्यले गर्ने खर्च दलाल र बिचौलियाले कुम्ल्याउने परिपाटीको अन्त्य गर्दै किसानलाई प्रत्यक्ष लाभ मिल्ने गरी राज्यले आर्थिक सहयोग र सहजकर्ताको रुपमा संयोजनकारी भूमिका निभाउनु पर्छ।

८) **स्वास्थ्य सेवा** : स्वास्थ्य सेवालाई संबिधानमा उल्लेख भए बमोजिम राज्यको सम्पूर्ण दायित्वको विषय बनाउनु पर्दछ । यसो गर्दा गरिबले सिटामोलको अभावमा मर्नुपर्ने र धनीले संसारको उत्कृष्ट स्वास्थ्य सेवा प्राप्त गर्ने खालको विभेदको अन्त्य हुनेछ। बाँच्न पाउने प्राकृतिक आधिकारको समेत सुरक्षा हुनेछ।

९) **रोजगारी** : कृषिलाई आधुनिकीकरण गर्दै कृषिमा नै ठुलो संख्याको रोजगारी निर्माण गर्नुपर्छ। त्यसले राष्ट्रिय अर्थतन्त्रलाई स्वाधीन बनाउन मद्दत पुग्नेछ। प्राविधिक ज्ञानको प्रयोग र औद्योगीकरणको विकास गरी रोजगारी बढाउने काम गर्नुपर्छ। मुलुकमा नै सबै प्रकारको जनशक्ति खपत हुने गरी कार्ययोजना निर्माण गर्नुपर्छ।

१०) **विकास नीति** : भौतिक सुख सुविधा बढाउँदा मात्र मानिस खुशी हुन्छ भन्ने चिन्तनलाई उल्टाएर आत्मिक जागरण तथा मानवीय विकास बिनाको भौतिक विकास प्रत्युत्पादक हुनसक्छ भन्ने तथ्यमा जोड गर्नुपर्दछ।

११) **विदेश नीति** : सम्पूर्ण असमान सन्धि सम्झौताको पुनरावलोकन गर्न, खोजी गर्न र समान हैसियत रहने गरी पंचशील र असंलग्नतामा आधारित तटस्थ, पारस्परिक हितको वैदेशिक सम्बन्धको नीति स्थापित गर्न क्रियाशील रहने । आन्तरिक राजनीतिमा कुनैपनि देश वा शक्तिकेन्द्रको दवाब, प्रभाव र लोभ लालचको वर्तमान अवस्थामा परिवर्तन गर्नुपर्दछ।

प्रकृति 'निर्जीव भौतिक वस्तु' होइन, 'मातृत्व' हो । प्रकृतिलाई यातना दिएर गरिने विकास अस्वीकार्य छ । प्रकृतिलाई यातना होइन, सदुपयोग गर्ने खालका बिकास कृयाकलाप संचालन गर्नु पर्दछ। यो धर्तिमा मानव, जिव र वनस्पति, सबैको

उत्तिकै हक छ भन्ने मान्यतालाई आत्मसात गर्नुपर्दछ।

भौतिक सुबिधा र पैसाको आधारमा मानिसको प्रगति मापन गर्ने तरिका गलत छ। यसको ठाउँमा मानिस भित्रको खुशी, संस्कृति, सामाजिक सम्बन्ध र वरिपरिको पर्यावरणको अवस्थाको आधारमा प्रगति मापन गर्ने पद्धति कायम गर्नुपर्दछ।

उल्लेखित विषयका अतिरिक्त यो क्षेत्रको समग्र विकास र यहाँका हरेक नागरिकको उन्नति, प्रगति र हितलाई केन्द्रमा राखेर तपाईंहरुको सेवामा लागिपर्ने प्रतिवद्धता व्यक्त गर्दै यही मङ्सिर ४ गते सम्पन्न हुन गइरहेको निर्वाचनमा म प्रतिनिधि सभा सदस्यको लागि उमेदवारको रुपमा रहेको **युक्त प्रसाद भेटवाल** लाई चुनाव चिन्ह **लौरो** मा मतदान गरी अत्याधिक मतले विजय गराउन हुन झापा क्षेत्र नम्बर ४ का तपाईं सम्पूर्ण विवेकशील मतदाताहरु समक्ष हार्दिक अनुरोध गर्दछु।

**तपाईहरुको मत दुरुपयोग नगर्ने र हुन नदिने प्रतिवद्धता सहित,**

**युक्त प्रसाद भेटवाल**

**झापा क्षेत्र नं ४**






## हाम्रा नाराहरू :

१. नेताको सट्टा नीतिको शासन; अनिमात्र पुग्छ सबै घरमा रासन ।

२. सबै दलको एउटै विधान; यस्तो व्यवस्था सहितको संविधान।

३. संसदमा आधा हिस्सा युवाको; सल्लाह र अनुभव बुढाको ।

४. भ्रष्टाचार अन्त्यको आधार; भ्रष्टलाई सामाजिक बहिस्कार।

५. स्वास्थ्य र शिक्षा राज्यको दायित्व; मौलिक अधिकारमा विभेदको अन्त्य।

६. भूमिहीनलाई जमिन, बेरोजगारलाई काम; विदेश जानु पर्दैन, कमाउन दाम

७. विपन्नलाई सहयोग, किसानलाई अनुदान; गरिबी अन्त्यको लागि **लौरो** मा मतदान।

८. आर्थिक जर्जरताको एकमात्र निकास; आवश्यकताको आधारमा उत्पादन र विकास।

९. **लौरो** मा मतदान, परिवर्तनको सुनिश्चितता; राष्ट्रको मुहार फेर्ने हाम्रो प्रतिवद्धता।

१०. देशभक्ति हाम्रो बलियो स्वाभिमान; जनताको जितको निम्ति **लौरो** मा मतदान।

झापा क्षेत्र न.४ – प्रतिनिधि सभा उम्मेदवार

"युक्त प्रसाद भेटवाल"

लाई लौरो चिन्हमा मतदान गरी
भारी मतले विजयी गराऔं।

चुनाव परिचालन मूल समिति
क्षेत्र नं. ४, झापा